**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस २४ गते बिहीबार ❑ 8 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## विद्युत् तार भूमिगतको काम ६५ प्रतिशत

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

पोखराको मुख्य बजार क्षेत्रमा अहिले बिजुलीको तार भूमिगत (अण्डरग्राउण्ड) गर्ने काम भइरहेको छ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थल प्रवेशद्धारदेखि सेतीपुलसम्मको क्षेत्रमा काम सकिएको छ । अन्य क्षेत्रमा विद्युत् तार जमिनमुनि गाड्ने कामले निरन्तरता पाएको छ।

नेपाल विद्युत् प्राधिकरणले पोखरा र भरतपुरमा बिजुलीको तार भूमिगत गर्नका लागि पोखरा भरतपुर वितरण प्रणाली सुदृढीकरण परियोजना सञ्चालन गरिरहेको छ। यसै परियोजनाले पोखरामा तीन वर्षदेखि काम गरिरहेको हो।पोखरा अन्तरराष्ट्रिय विमानस्थलदेखि पृथ्वीचोक हुँदै सृजनाचोक-रत्नचोक-राष्ट्र बैंक चोक-शहिद चोक-लेकसाइड-हल्लन चोकदेखि बुलौदी हुँदै जिरो किलोमिटरसम्मको क्षेत्रमा अहिले विद्युत्तार भूमिगत गर्ने कार्य भइरहेको पोखरा- भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजना प्रमुख आनन्द सुवेदीले बताउनुभयो । उहाँका अनुसार यस आयोजनाको हालसम्म ६५ प्रतिशत काम सकिएको र न्यूरोड क्षेत्रमा भने केही समयपछि काम हुनेछ।

"पोखराको बिजुलीको स्रोत कुँडहर सवस्टेशनदेखि काम सुरु गरेर पूर्वमा विमानस्थलद्वार र पश्चिममा सेती पुलसम्मको क्षेत्रमा काम सकिएको छ, बाँकी अन्य कतिपय क्षेत्रमा लाइन चार्ज गर्न बाँकी छ भने अन्य क्षेत्रमा पछिल्लो समय तीव्रताका साथ काम अघि बढाइएको छ", आयोजना प्रमुख सुवेदीले भन्नुभयो । उहाँले आगामी जुन ३१ गतेसम्म निर्माणको म्याद रहेको र सो समयसम्म सबै काम सम्पन्न हुने विश्वास लिइको जानकारी दिनुभयो । पोखरामा विद्युत् तार भूमिगत गर्ने परियोजना सन् २०२२ मा सुरु भएको हो । सुरुआती चरणमा डिजाइन, भूगर्भ अध्ययन लगायतमा समय लागेकाले काम भने एक वर्षपछि मात्र सुरु भएको थियो।

आयोजना प्रमुख सुवेदीले 'होरिजेन्टल डाइरेक्सनल ड्रिलिङ' प्रविधिबाट सडक खनेर तार भूमिगत गरिएको बताउनुभयो। यसरी तार भूमिगत गरेपछि ठाउँठाउँमा ट्रान्सफर्मर राखेर ग्राहकका घरघरमा बिजुली पुऱ्याइएको छ।

विद्युत् लाइन जमिनमुनि बिछ्याउँदा अव्यवस्थित तार, पोलबाट पोखराले मुक्ति पाउनुका साथै सहरी सौन्दर्य बढ्ने विश्वास लिइएको छ। पोखराको २३ किमी क्षेत्रको बिजुलीको तार भूमिगत गर्नका लागि रु एक अर्ब ७० करोड बजेटमा भारतीय कम्पनी टाटा प्रोजेक्ट्ससँग ठेक्का सम्झौता गरिएको छ । आयोजना प्रमुख सुवेदीले भरतपुरको भने ७४ प्रतिशत काम सकिएको जानकारी दिनुभयो । भरतपुरको लागत रु एक अर्ब ३० करोड छ । पोखरा महानगरमा बिजुलीको तार भूमिगत गरिएसँगै इन्टरनेट र टेलिफोनका तारहरुलाई व्यवस्थित गर्ने बारेमा महानगरले चासो दिएको छ। महानगरले इन्टरनेट सेवा प्रदायकहरुसँग पटकपटक छलफल गरी बिजुली लगायतका पोलहरूमा अव्यवस्थित रूपमा रहेका अनावश्यक तारहरू तत्काल हटाउन आग्रह गरेको छ। महानगर प्रमुख धनराज आचार्यले सेवा प्रदायकहरुलाई यथाशक्य छिटो विद्युत् प्राधिकरणसँग समन्वय गरी सेवामा सहकार्य गर्न आग्रह गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "पोखरा बजार क्षेत्रलाई ताररहित बनाउने योजनाअनुसार अहिले विद्युत् प्राधिकरणले काम गरिरहेको छ। यस कार्यमा सहयोगका लागि इन्टरनेट सेवाप्रदायकहरुसँग आग्रह गरेका छौं । उहाँहरुले नहटाए महानगर आफैंले हटाउँछ", उहाँले भन्नुभयो।

## गण्डकीमा दुई जना राष्ट्रियसभा सदस्यका लागि छ जनाको मनोनयन दर्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस




गण्डकी प्रदेशमा दुई जना राष्ट्रियसभा सदस्यका लागि छ जनाले उम्मेदवारको मनोनयनपत्र दर्ता गरेका छन्।

गण्डकी प्रदेशबाट रिक्त दुई राष्ट्रियसभा सदस्य मध्ये एक जना महिला र अर्को अन्य समूहका लागि मनोनयन दर्ता गरिएको हो । राष्ट्रियसभाको निर्वाचनका लागि नेपाली कांग्रेस र नेकपा एमालेले मिलेर उम्मेदवारी दिएका छन्। जसमध्ये महिलाबाट नेकपा एमालेकी सम्झना देवकोटा (गोरखा)को उम्मेदवारी परेको छ भने अन्यबाट नेपाली कांग्रेसका जगत् तिमल्सिना (तनहुँ)को उम्मेदवारी परेको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, नेकपा एमालेका सचिव खगराज अधिकारीसहितको टोलीले निर्वाचन अधिकृतको कार्यालय पुगेर उम्मेदवारी दर्ता गराएका हुन् । त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट कपिल लामा(मनाङ) र गोमा घिमिरे लुइँटेल (कास्की)को उम्मेदवारी परेको छ भने राष्ट्रिय जनमोर्चाकातर्फबाट लक्ष्मी बास्कोटा (बागलुङ), शङ्कर बराल (कास्की)को उम्मेदवारी परेको छ। गण्डकी प्रदेशमा ५९ प्रदेशसभा सदस्य र ८५ स्थानीय तहका प्रमुख, उपप्रमुख गरी २२९ मतदाता छन् । एक प्रदेशसभा सदस्यको ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको १९ मतभार तोकिँदा गण्डकीमा कूल मतभार छ हजार ३५७ छ।

यसअघि गण्डकीबाट राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने नेकपा (एमाले)का भगवती न्यौपाने र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का नारायणकाजी श्रेष्ठको कार्यकाल सकिन लागेकाले निर्वाचन हुन लागेको हो । न्यौपाने महिला समूहबाट र श्रेष्ठ अन्यबाट निर्वाचित बन्नुभएकाले सोही समूहबाट नयाँ उम्मेदवारी दर्ता गरिएको हो। राष्ट्रियसभा सदस्य निर्वाचन ऐनअनुसार पद रिक्त हुनुभन्दा ३५ दिनअगावै निर्वाचन हुनुपर्ने व्यवस्था छ । गण्डकी प्रदेशमा प्रदेशसभाका ५९ सदस्यको मतभार तीन हजार १२७ र स्थानीय तहका प्रतिनिधिको तीन हजार २३० गरी कूल मतभार छ हजार ३५७ रहेको छ । गण्डकीको ६० सदस्यीय प्रदेशसभामा एक सदस्य रिक्त छ।

## कांग्रेस महामन्त्रीद्वय थापा र शर्माद्वारा विशेष महाधिवेशन आह्वान

**रासस**
काठमाडौं, २३ पुस

नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले विशेष केन्द्रीय महाधिवेशन आह्वान गर्नुभएको छ।

उहाँहरुले बुधबार संयुक्त विज्ञप्तिमार्फत कांग्रेसको विधानअनुसारको व्यवस्था उल्लेख गर्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरुले दर्ता गराई यही पुस २७ र २८ गते तय भएको विशेष महाधिवेशन कानुनी र राजनीतिक रुपमा अपरिहार्य र बाध्यकारी बनेको उल्लेख गर्नुभएको छ । यस परिस्थितिमा पार्टी विधानको धारा १७ उपधारा (२) बमोजिम विशेष महाधिवेशन आह्वान गर्न दुई हजार ४८८ जना (५४.५८ प्रतिशत) महाधिवेशन प्रतिनिधिहरूले विशेष कारणसहित निवेदन दर्ता गरेको अवस्थामा त्यसको तीन महिनाभित्र विशेष महाधिवेशन सम्पन्न गर्नु केन्द्रको कार्यसम्पादन र जिम्मेवारीको विषय भएको विज्ञप्तिमा उल्लेख छ । केन्द्रीय कार्यसमितिले नै विशेष महाधिवेशन बोलाउनु उपयुक्त हुन्छ भनेर आफूहरुले अधिकतम प्रयास गरेको तर केन्द्रीय कार्यसमितिबाट त्यो सम्भव हुन नसकेको उहाँहरुको भनाइ छ । "बहुमत महाधिवेशन प्रतिनिधिहरुद्वारा गरिएको विशेष महाधिवेशनको मागप्रति हाम्रो ऐक्यबद्धता रहेको छ । पुस २८ गतेभित्र विशेष महाधिवेशन गर्नका लागि हस्ताक्षरकर्ता महाधिवेशन प्रतिनिधिकोतर्फबाट भएको प्रयास महाधिवेशन प्रतिनिधिको वैधानिक अधिकार हो", विज्ञप्तिमा भनिएको छ। महामन्त्रीद्वय थापा र शर्माले विधानको धारा ३(१२) तथा धारा २७ (१) समेतको व्यवस्थालाई आत्मसात् गर्दै कांग्रेसको विधानको धारा १७ (२) अनुसार यही पुस २७ र २८ गते काठमाडौँको भृकुटीमण्डपमा हुन गइरहेको विशेष महाधिवेशनमा सहभागी भई व्यवस्थित र भव्य रूपमा सम्पन्न गर्न सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूलाई आह्वान गर्नुभएको छ । साथै उहाँहरुले विशेष महाधिवेशन 'बदलिएको समयको कांग्रेसका लागि, बदल्नुपर्ने देशका लागि' हो, भन्दै आफूहरु पार्टीमा नयाँ ऊर्जा भर्न दृढ सङ्कल्पित रहेको उल्लेख गर्नुभएको छ। जस्तोसुकै कठिन अवस्थामा पनि पार्टीलाई एकढिक्का राख्न आफूहरु कटिबद्ध एवं प्रतिबद्ध रहेको उहाँहरुको भनाइ छ।

## बाह्र बुँदे म्याग्दी 'एआई' घोषणापत्र जारी

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ पुस

'एआई' कृत्रिम बृद्धिमताको दुरूपयोग हुन नदिने प्रतिबद्धतासहित आज बेनीमा १२ बुँदे म्याग्दी 'एआई) घोषणापत्र जारी गरिएको छ। गण्डकी प्रदेशको प्रेस रजिष्ट्रारको कार्यालय र नेपाल पत्रकार महासङ्घ म्याग्दी शाखाको आयोजनामा दुई दिनसम्म बेनीमा सञ्चालन भएको 'एआई' र मोबाइल पत्रकारितासम्बन्धी कार्यशालामा सहभागी पत्रकार, सञ्चारकर्मी र सामाजिक सञ्जालका 'कन्टेन क्रियटर' (विद्युतीय सञ्चार सामग्री सिर्जनाकर्ता)ले घोषणापत्र जारी गरेका हुन्।

घोषणापत्रमा समाजमा भ्रम फैलाउने, सद्भाव खलबलाउने, अश्लिलताजस्ता कुनै पनि काममा एआईको दुरूपयोग नगर्ने, एआईको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बाल सघन उपचारकक्ष सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस




पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत सञ्चालित क्षेत्रीय अस्पतालमा आजदेखि सुविधासम्पन्न बाल सघन उपचारकक्ष (पिआइसीयू) सञ्चालनमा आएको छ।

प्रतिष्ठानको हालै रेट्रोफिटिङ गरिएको भवनमा नवनिर्मित आठ शय्याको उपचारकक्ष औपचारिक रूपमा सञ्चालनमा ल्याइएको अस्पतालका बालरोग विभागका प्रमुख डा रामचन्द्र बास्तोलाले जानकारी दिनुभयो। उहाँका अनुसार सामान्य अवस्थाबाहेक गम्भीर अवस्थामा विशेष निगरानीमा राखेर उपचार गराउनुपर्ने बच्चाहरूलाई सघन उपचारकक्ष (पिआइसीयू) अनिवार्य हुने भएकाले यो सेवा अस्पतालले सुरु गरेको हो । अस्पतालले बाल सघन उपचारकक्ष बारेमा नै विशेषज्ञता हासिल गरेका चिकित्सकहरूको प्रत्यक्ष निगरानीमा उपचार गर्नेगरी बाल सघन उपचार कक्षको सिङ्गो युनिट सञ्चालनमा ल्याएको छ। सो कक्षमा सात शय्या दुई महिनाभन्दा ठूला बच्चाका लागि र एउटा सो भन्दा साना बच्चाका लागि प्रयोगमा ल्याइने छ।

सिकिस्त अवस्थाका बिरामीलाई सामान्य वार्डमा राखेर उपचार गराउँदा जोखिम बढी हुने र सङ्क्रमण फैलन सक्ने भएकाले पीआइसीयूमा राखेर उपचार गराउनुपर्ने हुन्छ । "भेन्टिलेटर, बाइप्याप लगायतका अत्याधुनिक उपकरण, विशेषज्ञ डाक्टरसहितको पिआइसीयू सञ्चालनमा ल्याउने हाम्रो प्रयासले सार्थकता पाएको छ । यसमा डेडिकेटेड जनशक्ति हुन्छ। यसबाट गम्भीर अवस्थाका बच्चाहरूलाई उपचारबाट अन्यत्र फिर्ता पठाउनुपर्ने अवस्था अन्त्य भएको छ", बास्तोलाले भन्नुभयो । यस उपचारकक्षका लागि प्रतिष्ठानले एक जना बालरोग विशेषज्ञसहित ११ जना चिकित्सक, तालिम लिएका १३ जना स्टाफ नर्स र तीन जना कार्यालय सहयोगीको व्यवस्था गरिएको छ।

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा यसअघि रहेको पिआइसीयूमा आवश्यक जनशक्ति र उपकरण थिएन। जसका कारणले राम्रोसँग पिआइसीयू सञ्चालनमा आउन सकेको थिएन। बालरोग विभाग प्रमुख डा बास्तोलाले भन्नुभयो, "पहिलाको पिआइसीयू नाममात्रको थियो । यसैका लागि भनेर जनशक्ति थिएन, अन्य विभागबाट बोलाउनुपर्ने थियो । चाहेर पनि बच्चालाई भर्ना गर्न सकिएको थिएन। अहिले बालबालिकाका लागि नै 'डेडिकेटेड' उपचारकक्षा सुरु गरिएको हो ।" जटिल र गम्भीर अवस्थाका बिरामीलाई २४सैं घण्टा चिकित्सकको प्रत्यक्ष निगरानीमा राखेर उपचार गराइने विशेष कक्ष पीआइसीयू हो । जहाँ चिकित्सक, नर्स, कर्मचारी र बिरामीबाहेक अरुलाई आवतजावत गर्न निषेध गरिने अस्पतालले जनाएको छ।

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८१ अन्तर्गत एरिका र दिपेन्द्र वर्ष खेलाडी

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

पारा तेक्वान्दोकी पलेसा गोवर्धन एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८१ मा ट्रेजब्लेजर अफ दि इयरको अवार्डबाट सम्मानित हुनु भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च(एनएसजेएफ) ले बुधबार पोखरा सभागृहमा आयोजना गरेको स्पोर्ट्स अवार्डको २२ औं संस्करण कार्यक्रममा पोखरा महानगरपलिकाका मेयर धनराज आचार्यले पलेसालाई अवार्ड प्रदान गर्नुभयो। पेरिस पारा ओलम्पिकमा काश्य पदक जितेर इतिहास बनाएपछि पलेसालाई नेपाली खेलकुदकी पथप्रदर्शकको सम्मान दिइएको हो । पलेसा ओलम्पिक पदक जित्ने नेपालकी पहिलो खेलाडी हुनुहुन्छ। गत वर्ष पलेसा एनएसजेएफ पारा एथ्लेट अवार्डबाट सम्मानित हुनु भएको थियो। करातेकी एरिका गुरुङ र क्रिकेटर दिपेन्द्रसंह ऐरी एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८१ को वर्ष खेलाडी घोषित हुनु भयो । यस अवार्डका लागि क्रिकेटकै कुशल भुर्तेल, उसुका विजय सिन्जाली, खोखोका जनक चन्द, टेबलटेनिसका श्यान्टु श्रेष्ठ पनि मनोनयनमा पर्नु भएको थियो । गोल्छा समूहका निर्देशक अभिमन्यु गोल्छाले ऐरीलाई अवार्ड प्रदान गर्नुभयो । गत वर्ष दिपेन्द्रले एसिसी प्रिमियर कप २०२४ मा कतारविरुद्ध एकै ओभरमा छ छक्का प्रहार गर्दै इतिहास बनाउनु भएको थियो । यस्तो कीर्तिमान बनाउने टी २० अन्तर्राष्ट्रियकै तेस्रो खेलाडी हुनुहुन्छ । वर्ष २०८१ मा ३७० रन जोड्नुका साथै २० विकेट लिन सफल हुनुभयो । अमेरिकामा सम्पन्न टी २० विश्वकपमा ६ विकेट लिँदै उहाँले नेपालका लागि सर्वाधिक विकेट लिने बलर हुनु भयो । गत वर्ष चार अन्तर्राष्ट्रिय स्वर्ण पदक जित्ने एरिकाले लगातार दोस्रो पटक वर्षको सर्वश्रेष्ठ महिला खेलाडीको अवार्ड जित्न सफल हुनु भयो । उहाँले खोखोकी मानमती धामी, करातेकी एलिसा रास्कोटी मगर, भलिबलकी सलिना श्रेष्ठ र फुटबलकी रेखा पौडेललाई पछाडि पार्नुभयो । एरिकाले २०८० को पनि वर्ष महिला खेलाडी घोषित हुनु भएको थियो। कास्कीकी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा र पोखरा महानगरपालिकाकी उपमेयर मन्जुदेवी गुरुङले एरिकालाई अवार्ड प्रदान गर्नुभयो । गत वर्ष एरिकाले भुटानमा सम्पन्न आठौं दक्षिण एसियाली करातेमा दोहोरो स्वर्ण तथा अस्ट्रेलियन ओपन २०२४ र सिंगापुरमा सम्पन्न १६ औं एसिया प्यासिफिक कराते च्याम्पियनसिपमा स्वर्ण पदक जित्नु भएको थियो । यसगरी ऐरिकाले चीनमा भएको २० औं सिनियर कराते च्याम्पियनसिप र दुबईमा भएको विश्व कराते वन युथ लिगमा रजत पदक जित्न गौरव पनि हीसिल गर्नुभयो । भलिबलका हिमाल सुनारीले पिपुल्स च्वाइसको अवार्ड जित्नुभयो। ईसेवाको भोटिङ, मञ्चका सदस्यको मत, फेसबुक लाइक र प्रमुख प्रशिक्षकको मतका आधारमा हिमाल विजेता हुनुभयो । हिमालले सर्वाधिक ४०.१० प्रतिशत मत प्राप्त गर्नुभयो ।

यस अवार्डको मनोनयनमा फुटबलर रेखा पौडेल, क्रिकेटकी पूजा महतो, टेबलटेनिसकी इभाना थापा मगर र उसुका विजय सिन्जाली पनि प्रतिस्पर्धामा हुनुहुन्थ्यो । खल्ती बाइ आएइमइका सिइओ प्रवीण रेग्मी र नासा सेक्युरिटिजका ग्रोथ चिफ अनिल श्रेष्ठले हिमाललाई पिपल्स च्वाइस अवार्ड प्रदान गर्नुभयो । पारा तेक्वान्दोका कविराज नेगी लामाले वर्षका उत्कृष्ट प्रशिक्षक अवार्ड हासिल गर्नुभयो । बागमती प्रदेश खेलकुद परिषद्का सदस्यसचिव दिपक लामा र नेपाल पर्यटन बोर्डका अफिसएटिङ निर्देशक सुनील शर्माले प्रशिक्षक नेगीलाई अवार्डले सम्मानित गर्नुभयो । युवा वर्ष खेलाडी अवार्ड महिला क्रिकेटर पुजा महतो घोषित हुनुभयो । अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष पंकजविक्रम नेम्वाङ र केल्मी नेपालका निर्देशक उत्तम न्यौपानेले पुजालाई अवार्ड प्रदान गर्नुभयो । पूजा उत्कृष्ट भएको यस विधामा अजय बिक (एथ्लेटिक्स), अञ्जली महर्जन (कराते), स्वस्तिका तिरुवा (बक्सिङ) र समीर तामाङ (फुटबल) पनि मनोनयनमा पर्नुभएको थियो।

एनएसजेएफ पारा एथ्लिट अवार्डबाट प्रभा आङदम्बे सम्मानित हुनुभयो । प्रभा पारा एथलेटिक्स खेलाडी हुनुहुन्छ । नेपाली खेलकुद क्षेत्रमा प्रवेश गरेको एक वर्ष पनि पूरा नभएकी प्रभाले नयाँ दिल्लीमा भएको विश्व पारा एथलेटक्समा ऐतिहासिक रजत पदक जित्न सफल हुनुभयो। टी ४७ क्याटेगोरीमा प्रभाले लङजम्पमा ३.९६ मिटर उचाई नाघेर ऐतिहासिक रजत पदक जित्नुभयो भने जुन पारा एथलेटिक्समा नेपालले जितेको अहिलेसम्मको ठूलो पदक हो । एनएसजेएफ पल्सर स्पोर्टस अवार्डको सबैभन्दा प्रतिष्ठित र सम्मानित विधा लाइभ टाइफ एचिभमेन्ट अवार्डबाट एथलेटिक्सका खड्गबहादुर रानाभाट सम्मानित हुनुभयो । पोखरालाई आफ्नो कर्मथलो बनाउँदै आएका उनी नेपाली खेलकुदको पहिलो पुस्ताका खेलाडी र प्रशिक्षक हुनुहुन्छ । आफ्नो जीवनको आठौं दशकतर्फ अग्रसर रानाभाट कीर्तिमान धावक जितबहादुर केसीका समकालीन हुनुहुन्छ । खेलाडी जीवनपछि उनी प्रशिक्षणमा उत्तिकै ब्यस्त रहनुभयो । नामी विदेशी विश्वविद्यालयबाटप्रशिक्षणकोअवसर पाएका उहाँले सिक्ने सिकाउने क्रममा ७७ जिल्ला पुग्नु भएको छ । सन् १९८७ मा भारतको कोलकातामा भएको तेस्रो दक्षिण एसियाली खेलकुदमा बैकुण्ठ मानन्धरको म्याराथनमा किर्तिमान बनाउँदा रानाभाट नेपाली टिमका प्रशिक्षक हुनुहुन्थ्यो । नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष निरञ्जन अधिकारी, महासचिव अन्जन खड्का, मञ्च गण्डकीका अध्यक्ष याम्बी आस्थाले रानाभाटलाई अवार्ड प्रदान गर्नुभयो।

स्पेसल अवार्डबाट तेक्वान्दोकर्मी तुलसी कुमार गुरुङ सम्मानित हुनुभयो । पोखरेली गुरुङले गतवर्ष दक्षिण कोरियाको कुक्किवोनबाट नवौं डान ब्ल्याक बेल्ट प्राप्त गर्नुभएको थियो । तेक्वान्दोमा यस्तो उपल्लो डानको मान पाउने उनी पहिलो नेपाली हुनुहुन्छ।नेपालओलम्पिककमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ र यती एयरलाइन्सका प्रमुख बिजनेस अफिसर युवराजकुमार विस्टले रानाभाटलाई अवार्ड प्रदान गर्नुभयो । भारतका नयाँ दिल्लीमा भएको पहिलो खोखो विश्वकपमा उपविजेता बनेर ऐतिहासिक रजतक पदक दिलाउने खोखो पुरुष र महिला टिमलाईटिम अफ दि इयरको अवार्ड प्रदान गरियो।

टिम गेम' मा नेपाल विश्वकप खेलेर उपविजेता बनेको खो खो पहिलो खेल हो । यसैगरी बङ्गलादेशका खेल पत्रकार राना हसनले एसियन स्पोट् 'जर्नलिस्ट अवार्ड प्राप्त गर्नुभयो । युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताले हसनलाई अवार्ड प्रदान गर्नुभयो । वर्ष खेलाडी पुरुष/महिला, पिपल्स च्वाइस, प्रशिक्षक र युवा गरी पाँच विधाका विजेतालाई बजाज पल्सर मोटरसाइकल प्राप्त गर्दा अन्य विधाका विजेतालाई जनही एक लाख रुपियाँ प्रदान गरिएको थियो। २२ औं संस्करण पोखरा महानगरपालिका प्रवर्धकको भूमिकामा रहेको छ । यसैगरी अवार्डको मुख्य प्रायोजकमा गोल्छा ग्रुपको निरन्तरता कायमै रह्यो । यसैगरी पावर्ड बाईमा यती एयरलाइन्सको साथ थपिएको थियो । स्पोट्स अवार्डको भोटिङ पार्टनरमा खल्ती र पोसाक पार्टनरमा केल्मी नेपाल रहेका थिए।

# ऊर्जामन्त्री घिसिङद्वारा राजीनामा

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले राजीनामा दिनुभएको छ । प्रधानमन्त्री निवास बालुवाटरमा पुगी मन्त्री घिसिङले प्रधानमन्त्री सुशीला कार्कीसमक्ष राजीनामा पेस गर्नुभएको हो।

भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालयको पनि जिम्मेवारी सम्हाल्दै आउनुभएका घिसिङ गत भदौ ३० गते मन्त्री नियुक्त हुनुभएको थियो । त्यसक्रममा प्रधानमन्त्री कार्कीले साढे तीन महिना तीन वटा महत्वपूर्ण मन्त्रालयको कुशल नेतृत्व प्रदान गर्नुभएकामा घिसिङलाई बधाई र धन्यवाद दिनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। "निकै प्रतिकूल अवस्थामा तपाईंले यो सरकारमा सामेल भएर देशका निम्ति ठूलो गुन लगाउने गरी काम गर्नुभएको छ", प्रधानमन्त्री कार्कीले भन्नुभयो, "रातदिन नभनी खट्नुभयो । देशका विभिन्न भागमा पुग्नुभयो। विपद्काबेला उस्तै सक्रिय रहनुभयो । विपद्ग्रस्त क्षेत्रमा आफैँ पुगेर खट्नुभयो। हाम्रो विकास निर्माणका बेथितिहरुविरुद्ध कठोर कदम चाल्नुभयो । यो कुरा देशले सम्झनेछ । जनताले मूल्याङ्कन गर्ने छन् ।" मन्त्री घिसिङले अन्तरिमकालमा काम गर्ने अवसर प्रदान गर्नुभएकामा प्रधानमन्त्रीप्रति आभार प्रकट गर्नुभयो।

घिसिङ संरक्षक रहेको उज्यालो पार्टी नेपाल पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीबीच एकता गर्नेसम्बन्धी समझदारी भइसकेको छ। समझदारीअनुसार उहाँ रास्वपाको उपाध्यक्ष बन्ने तय भएको छ।

# जानकी माविका विद्यार्थीलाई न्यानो कपडा

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस



स्वान्त सुखाय परोपकार संस्थाले जानकी माध्यमिक विद्यालयका विद्यार्थीलाई न्यानो पोषाक वितरण गरेको छ। विद्यालयका नर्सरी र कक्षा एकका २७ जना वालवालिकालाई टिसर्ट सहितको ट्र्याकसुट सेट वितरण गरिएको हो।

विद्यालयमा आयोजित एक कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलाले बढ्दो जाडोकोमौसममावितरणगरिएको स्कूलको पोषाक सहितको न्यानो कपडाले बाबुनानीको स्वास्थ्यमा समेत महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गनुभयो । सामुदायिक विद्यालयमा भौतिक लगायत आवश्यक संरचना र योग्य शिक्षक भएपनि शैक्षिक गुणस्तर कायम हुन नसकेको बताउँदै त्यसका लागि शिक्षक, अभिभावक र विद्यार्थीको सामुहिक प्रयासको खाँचो औल्याउनुभयो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य सिता काफ्ले भण्डारी, प्रधानाध्यापक अर्जुन कडेल, शिक्षक तुलसी गिरी लगायतले वालवालिकालाई पोषाक वितरण गर्नु भएको थियो। वितरण समारोहमा प्रत्येक विद्यार्थीका अभिभावकको सहभागिता रहेको थियो । सो संस्थाले पोखरा विज्ञान प्रतिष्ठान गण्डकी अस्पतालमा विपन्न वर्गका विरामीलाई उपचार सहयोग, वालश्रम न्यूनिकरणका लागि विद्यालय सञ्चालन गरेर ७० जना वालवालिकालाई पठनपाठनमा जोड दिँदै आएको छ भने त्यस्ता वालवालिकाका अभिभावकलाई समेत सचेतिकरण कार्यकक्रम सञ्चालन गर्दै आएको छ।

# शिक्षक महासंघ, कास्कीको जिल्ला परिषद्को तयारी तीव्र

पोखरापत्र संवाददाता
पोखरा, २३ पुस

नेपाल शिक्षक महासंघ, कास्कीले प्रथम जिल्ला परिषद्को तयारी तीव्र बनाएको छ। पुस २७ गते गोल्डेन हाउस पार्टी प्यालेस, जिरो किमि, पोखरामा हुने परिषद्मा शिक्षक सम्मान र अन्तर्क्रियासँगै शिक्षकका हकहितका विषयमा व्यापक छलफल हुने महासंघका सहअध्यक्ष तथा परिषद् व्यवस्थापन समितिका संयोजक डिल्लीराम बरालले जानकारी दिए।

सोही अवसरमा 'सङ्घीय शासन प्रणालीमा विद्यालय शिक्षा र स्थानीय तहको भूमिका' विषयक अन्तर्क्रियासमेत हुने छ । महासङ्घले शिक्षक तथा कर्मचारीलाई स्थानीय भत्ता दिने निर्णय कार्यान्वयनका लागि कास्कीका पाँचओटै स्थानीय तहलाई दबाब दिने निर्णय यसअगि नै गरेको थियो । परिषद्का अवसरमा स्थानीय भत्ता दिलाउन थप पहल गर्नका लागि छलफल हुने सहअध्यक्ष बरालले बताए।

जिल्ला समिति कास्कीका अध्यक्ष भोलानाथ पौडेलले शिक्षक आन्दोलनका सन्दर्भमा महत्त्वपूर्ण योगदान पुऱ्याएका शिक्षकहरूलाई विशेष सम्मान गरिने जानकारी दिए ।कास्की जिल्लाभरका शिक्षकहरूलाई कार्यक्रममा उपस्थित भएर कार्यक्रममा सक्रियतापूर्वक सहभागी हुन शिक्षक महासङ्घ, कास्कीका सचिव हर्कबहादुर लामिछानेले आग्रह गरेका छन्।

# आदिकविको जन्मथलोलाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाइँदै

पोखरापत्र संवाददाता
दमौली, २३ पुस

भानु साहित्य उद्यानको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरिएको छ। आदिकवि भानुभक्त आचार्यको जन्मथलो भानु नगरपालिका-४ चुँदीरम्घामा निर्माण गरिने सो गुरुयोजनालाई मङ्गलबार बसेको भानु नगरपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेको हो।

स्वीकृत गुरुयोजनाअनुसार उद्यानको पुनर्निर्माणका लागि करिब रु एक अर्ब बजेट अनुमान गरिएको छ। चालु आर्थिक वर्षमा सङ्घीय सहरी विकास मन्त्रालयबाट रु २० करोड बजेट विनियोजन भइसकेको छ। उक्त बजेटबाट शिखर कटेरीदेखि रम्घा डाँडासम्मको मोटरमार्ग स्तरोन्नति गरी कालोपत्र सडक निर्माण गरिनेछ भने ५४ फिट उचाइको आदिकवि भानुभक्त आचार्यको प्रतिमा निर्माण गर्ने योजना रहेको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो। उहाँले गत आर्थिक वर्षमै रम्घाडाँडामा आवश्यक 'रिटेनिङ वाल' निर्माण तथा जग्गा अधिग्रहण काम सम्पन्न भइसकेको जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म गुरुयोजना कार्यान्वयनका लागि करिब चार सय रोपनी जग्गा प्राप्त भइसकेको छ । उद्यानलाई साहित्य, संस्कृति र पर्यटनको केन्द्रका रूपमा विकास गर्ने लक्ष्यसहित यसलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा बहुवर्षीय योजनामा समावेश गर्न आवश्यक प्रक्रिया अघि बढाइएको नगरप्रमुख त्रिपाठीको भनाइ छ । उहाँले भन्नुभयो, "गुरुयोजना कार्यान्वयनपछि उद्यानमा साहित्यिक संरचना, सांस्कृतिक प्रतीक, पर्यटकीय पूर्वाधार तथा अध्ययन, अनुसन्धानका सुविधा विकास गरिने अपेक्षा गरिएको छ ।" भाषाका माध्यमबाट जोड्ने आदिकविको जन्मथलो ओझेलमा परेपछि यसलाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाउने लक्ष्य राखिएको छ। उहाँले भन्नुभयो, "राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा भानुभक्तको आचार्यको विशिष्ट पहिचान छ, यो ठाउँलाई समय सन्दर्भअनुसारका सबै किसिमको धाम बनाउने परिकल्पना साथ अगाडि बढेका छौं ।" साहित्यिक उद्यानमा विभिन्न संरचना निर्माण गरिनेछ। नगरप्रमुख त्रिपाठीका अनुसार यहाँ भानुभक्तको विशाल सालिक, रामायण मन्दिर, मूर्ति वाटिका, भानुभक्तकालीन नमूना बस्ती, भानु साहित्य ग्राम, भानु प्रज्ञा भवन, भानु वनस्पति उद्यान, सप्तधाम, मनोरञ्जन वनभोजस्थल, प्राकृतिक वन विचरण क्षेत्र, सम्पदा संरक्षण क्षेत्र र साहित्यिक पदमार्ग प्रस्तावित गरिएको छ।

रम्घाकोटमा भानुभक्तको विशाल प्रतिमा निर्माण गर्नु, नेपालको सामाजिक तथा सांस्कृतिक एकीकरण प्रक्रियामा भानुभक्तले दिएको योगदानलाई परिलक्षित गर्न नेपालका सातै प्रदेशको प्रतिनिधित्व हुनेगरी सप्तधाम निर्माण गर्नु, रम्घाडाँडामा भानुभक्तकालीन घरबस्ती, जनजीवन, रहनसहन र सामाजिक वातावरणलाई वस्तुगत वा चित्राङ्कित रूपमा प्रदर्शन गर्नु यसको उद्देश्य रहेको छ।

# बाह्र बुँदे...

सहयोगमा सिर्जना गरिएका सामग्रीमा स्रोत उल्लेख गर्ने, एआईको प्रयोग गर्दा अन्तिम निर्णयकर्ता मानव जनशक्ति नै हुनुपर्नेमा दृढता र एआईलाई पत्रकारिताको विकल्प नभएर सहयोगीका रूपमा ग्रहण गर्ने उल्लेख छ । सूचना, प्रविधिको प्रयोगबाट दैनिक जीवनयापन र क्रियाकलापलाई सहज बनाए पनि मौलिकता र सिर्जनशीलताको संरक्षण गर्दै समाजमा भ्रम र द्वन्द्व फैलिन नदिनेतर्फ संवेदनशील रहनुपर्ने भएकाले एआईको दुरूपयोगबाट आफू पनि बच्न र अरुलाई पनि बचाउन आवश्यक रहेको सन्देशसहित घोषणापत्र जारी गरिएको पत्रकार महासङ्घ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतमले जानकारी दिनुभयो । राष्ट्रिय एआई नीतिलाई आधार मानेर एआई प्रयोगसम्बन्धी कार्यविधि तथा पत्रकारका लागि एआई आचारसंहिता जारी गर्न सरकारसँग माग गरिएको छ। पत्रकारिताबाहेक शिक्षा, स्वास्थ्य, कृषि, व्यापार, व्यवसाय, पर्यटन प्रवर्द्धनलगायत सबै क्षेत्रमा एआईको सही र जिम्मेवार प्रयोगका लागि अनुरोध गर्दै पैरवीकर्ता तथा सहजकर्ताको भूमिका खेल्ने घोषणापत्रमा उल्लेख गरिएको छ।

एआईको प्रयोगलाई व्यवस्थित गर्न स्थानीय सरकार, सरकारी निकाय, सामाजिक तथा निजी सङ्घसंस्थालगायत सबै सरोकारवालाहरूलाई एआई साक्षरता, सचेतना, सीप र शिक्षा फैलाउन ध्यानाकर्षण गराइएको छ । करिब ५० जनाको सहभागिता रहेको कार्यक्रममा एआइको व्यवस्थित, सुरक्षित र सदुपयोग तथा दुरूपयोगका विषयमा नेपाल टेलिभिजन पत्रकार सङ्घका अध्यक्ष जीवन भण्डारीले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा बेनी नगरपालिकाका प्रमुख शुरत केसीले प्रविधिलाई आत्मसात् गर्दै सिर्जनशीलता र मौलिकताको संरक्षण गर्दै भ्रमपूर्ण सूचनाका कारण समाजमा हुने असर न्यूनीकरणमा जोड दिनुभयो।


समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन

◆ सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं।
◆ भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं।
◆ सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं।
◆ समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं।
◆ अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं।
◆ सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं।
◆ वालवालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं।

परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# कुलमानको मन्त्रीबाट राजिनामा

उर्जा, जलस्रोत, सिंचाइ, भौतिक योजना तथा सहरी विकास मन्त्री कुलमान घिसिङले पदबाट राजीनामा दिएका छन् । उनले प्रधानमन्त्री सुशीला कार्कीलाई बुधबार राजीनामा बुझाएका छन । फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा उमेदवारी दिनका लागि उनले राजीनामा दिएका हुन् । भदौ ३० गते मन्त्रीको सपथ ग्रहण गरेका मन्त्री घिसिङले बुधबार बेलुका पत्रकार सम्मेलन गरेर राजीनामा दिएको घोषणा गरे ।

प्रधानमन्त्री कार्यालयले उनले राजीनामा दिएको तस्बिर सार्वजनिक गरेको छ । उनले आफ्नै नेतृत्वमा नयाँ दल उज्यालो नेपाल दर्ता गराए पनि अहिले भने रास्वपासँग एकता गरेका छन् । उनी रास्वपा उपसभापति पनि हुन् । गैरदलीय सरकारमा दलका नेता मन्त्री भएको भन्दै चौतर्फी आलोचना भएपछि घिसिङ राजीनामाका लागि तयार भएका हुन् ।

कुलमान बिजुली गतिमा अन्तरिम सरकारको मन्त्री बन्न आइपुगे, यसबीचमा त्यही रफ्तारमा विवादमा पनि परे । विद्युत प्रधिकरणका कार्यकारी निर्देशक हितेन्द्र शाक्यलाई हटाएर प्रतिशोध साँध्ने काम गरे।भलै अदालतले कुलमानको काममा रोक लगायो।उनले चुनावी अन्तरिम सरकार हो भन्ने विर्सेर सर्वशक्तिमान जस्तो गरेर व्यवहार गरे।भारतसंगको संझौताले विवादित बनायो।ठेक्का तोड्ने नाममा नायक फिल्मको जस्तो व्यबहारको निजी क्षेत्रले विरोध जनाएको थियो । प्रशंसकले भगवान बनाएका कारण उनले गरेका गल्ती र कमजोरी नस्वीकारेका कारण विवादमा परे । यो अन्तरिम सरकार छोड्ने पहिलो मन्त्री पनि बन्न पुगे । यद्यपि, गैरराजनीतिक सरकारको मन्त्रीका रुपमा राजनीतिक व्यक्ति बस्न मिल्दैन भनेर समाज र मिडियाले प्रश्न गरेपछि बाध्यतामा नै किन नहोस्, उनले सोचेभन्दा अगाडि नै राजीनामा दिए ।

जाँदाजाँदै पनि उनले झुट बोल्न भने छोडेनन् । विद्युत् आयातमा ४३ करोड गडबडी भएको छैन भन्ने झुट फेरि बोले तर त्यसलाई पुष्टि गर्ने कुनै तथ्य प्रमाण पेश गर्न सकेनन् । अर्कोतिर, अझै राजनीतिमा नलागेको भन्ने अर्को झुट पनि अन्तिममा पनि बोले । लोडसेडिङ हटाएका कारण मानिसहरूले देवत्वकरण गरिदिएका छन्, त्यसका आडमा मानिसहरूलाई भ्रमित बनाउन सकिन्छ भन्ने भ्रम उनमा अहिले पनि देखियो । देश बनाउने जिम्मा आफैंले लिएका कुलमानले झुटको जगमा जसरी उनले राजनीतिक दरबार खडा गर्ने सोच उनले राखेको देखिन्छ । राजनीतिमा आएपछि समर्थन र विरोध दुवैको हुन्छ । प्रशंसाले भगवान बन्ने, आलोचना सुन्न नचाहने हो भने लोकतान्त्रिक आचरण हुँदैन । सकारात्मक सोच र सुसंस्कृत व्यवहारले नै राजनीतिज्ञ बनाउँछ ।

# विन्ध्यवासिनीले ७९ औं बार्षिकोत्सव मनाउने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

पोखराको बाटुलेचौरमा रहेको विन्ध्यवासिनी माध्यमिक विद्यालयले बिबिध कार्यक्रम गरी ७९ औं बार्षिकोत्सव मनाउने भएको छ।

विद्यालयले यही पुस २७ गते मनाउने बार्षिकोत्सवको पुर्व सन्ध्यामा रक्तदान कार्यक्रम आयोजना गर्ने भएको छ । पुस २६ गते छैटौं संस्करणको रक्तदान कार्यक्रम गर्न लागेको विद्यालयले जनाएको छ। विद्यार्थीलाई रक्तदानका विषयमा सचेतना जगाउन र पोखरामा देखिएको रगतको अभावलाई केही न्युन गर्न शनिबार विहान विद्यालय परिसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको संयोजक शिक्षक जयराम पुनले जानकारी दिए । विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष चन्द्रा थापा अधिकारीको प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा विद्यालयको जुनियर रेडक्रस सर्कल, रेडक्रस सोसाइटी उपशाखा पोखरा १६ले सहकार्य गरेका छन्। त्यस्तै विद्यालयले शुक्रबार यस वर्षको शैक्षिक तथा खेलकुद तर्फको पुरस्कार वितरण गर्ने जनाएको छ। सोही कार्यक्रममा माध्यमिक शिक्षा परीक्षामा ३ दशमलव ६ जिपिए ल्याउने १९ जना विद्यार्थीलाई सम्मान गरिने विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले जानकारी दिए। बार्षिकोत्सव कै अवसरमा चण्डीका भवन देखि महेन्द्र गुफासम्म वृहत सरसफाई गरिने पनि आचार्यले बताए। मुख्य दिन पुस २७ गते बार्षिकोत्सवको मुल समारोह कार्यक्रम हुने छ ।

पोखरा महानगरका मेयर धनराज आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न हुने मुल समारोहमा उत्कृष्ट शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी सम्मान सहित बिबिध साँस्कृतिक कार्यक्रम हुने बताइएको छासो अवसरमा एस इ इ मा ४ जिपिए ल्याउने विद्यार्थीलाई विशेष सम्मान, बिभिन्न छात्रवृत्ति वितरण सहित पुरस्कार वितरण गरिने विद्यालयका सुचना अधिकारी नविन अधिकारीले जानकारी दिए। करिब १ हजार ५ सय विद्यार्थी अध्ययनरत सो विद्यालय यस अघि सामुदायिक विद्यालय तर्फ नेपालकै उत्कृष्ट पहिलो हुन सफल भएको थियो ।

# साँवतावासीको एक दशकदेखिको सपना पूरा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ पुस

दुईतिर अग्ला भिरको फेदीमा रहेको म्याग्दीको मालिका गाउँपालिका-६ मा पर्ने साँवताको किनारमा म्याग्दी नदी बग्छ । बर्खायाममा साँवतावासी भिरबाट खस्ने पहिरो र किनारको म्याग्दी नदीमा आउने बाढीको चपेटामा पर्दै आएका छन् ।

“दिच्याम र देविस्थानको भिरबाट पहिरो खसेर अन्यत्र जाने बाटो नहुँदा पछिल्लो केही वर्षयता बर्खामा बारीमा थुम्कोमा बसेर रात कटाएका थियौँ”, साँवताकी जसीकला पुनले भन्नुभयो, “साँवताबाट छिमेकी गाउँ थापाचौर जोड्ने झोलुङ्गे पुल बनेपछि अघिपछि आवतजावत गर्न सहज हुनुका साथै बर्खामा बाढी पहिरोको चपेटामा पर्दा भागेर ज्यान बचाउन सकिने भयो भनेर ढुक्क भएका छौं ।” तेह्र परिवारको बसोबास रहेको साँवताका बासिन्दाको एक दशकदेखिको सपना मालिका-५ थापाचौर र वडा नं ६ को साँवता बस्ती जोड्ने म्याग्दी नदीमाथि झोलुङ्गे पुल निर्माण भएपछि पूरा भएको हो । खानेपानी, विद्युत् र सडक सुविधा पुगिसकेको साँवतावासीको मुख्य माग झोलुङ्गे पुल थियो । पूर्वाधार विकास कार्यालयले थापाचौर र साँवता जोड्ने म्याग्दी नदीमाथि ९६ मिटर लामो झोलुङ्गे पुल निर्माण गरेको हो ।

स्थानीयवासी लबहादुर पुनले विसं २०७२ देखि गर्दै आएको झोलुङ्गे पुलको माग पूरा भएकामा खुसी व्यक्त गर्नुभयो । “हाम्रो सानो बस्तीमा प्रदेशका जनप्रतिनिधिको नजर परेपछि बल्ल झोलुङ्गे पुल निर्माण भयो”, उहाँले भन्नुभयो, “दरबाङ-दिच्याम सडकबाट खस्ने पहिरोले सडक र पैदलमार्ग बन्द गराउँदा प्राकृतिक नाकाबन्दीमा बस्नुपर्ने साँवतावासीको समस्या पुल बनेपछि हटेको छ ।”

स्थानीयवासी राजु परियारले बालबच्चा विद्यालय जान, आउन, बिरामीलाई स्वास्थ्य संस्था लैजान, विवाह, मलामी जान पुलले सहज बनाएको बताउनुभयो । दरबाङ बजारमा किनमेलका लागि जान आउन पनि सहज भएको उहाँको भनाइ छ । साँवताबाट दरबाङ बजार हुँदै घुमाउरो बाटो हिँडेर खोलापारी रहेको थापाचौर पुग्न २० देखि २५ मिनेट लाग्ने गरेकामा यात्रा अवधी तीन मिनेटमा छोटिएको परियारले बताउनुभयो ।

यो पुलबाट मालिका गाउँपालिका-६ दरबाङ, वडा नं ५ थापाचौर-७ बिम र धवलागिरि गाउँपालिकाका बासिन्दा लाभान्वित भएका छन् । पुल निर्माणका लागि पूर्वाधार विकास कार्यालय म्याग्दी र ठेकेदार कम्पनी सोमरस निर्माण सेवासँग गत असारमा रु ३९ लाखमा २०८२ असार ३ गते ठेक्का सम्झौता भएको थियो । विसं २०८३ असारसम्म ठेक्काको म्याद भए पनि लक्ष्यभन्दा छ महिनाअघि सम्पन्न भएको कार्यालयले जनाएको छ । बुधबार पुलको स्थलगत अनुगमनमा पुग्नुभएका गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीसँग स्थानीयले एक दशकदेखिको सपना पूरा भएको बताउँदै सुरु गरेको कम समयमा पुल सम्पन्न भएकामा खुसी व्यक्त गर्दै धन्यवाद दिनुभएको थियो ।

# किसानलाई गोबरको मल खरिद र ढुवानीमा अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, २३ पुस

पोखरा महानगरपालिकाले महानगर क्षेत्रभित्रका किसानलाई गोबरको मल खरिद र ढुवानीमा ५० प्रतिशत अनुदान दिने भएको छ ।

महानगरभित्रका स्थानीय पशुपालक किसानका फार्ममा मल पूर्ण रूपमा उपयोग नभई खेर जाने गरेकाले मलको सदुपयोग एवं खरिद गर्ने किसानलाई पनि राहत पुगोस् भन्ने उद्देश्यले अनुदानको कार्यक्रम राखिएको महानगरका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । जिल्ला दररेटअनुसार मलको खरिदमा ५० प्रतिशत र ढुवानीमा ५० प्रतिशत अनुदान दिने गरी महानगरबाट सूचना प्रकाशन गरिएको बताउँदै उहाँले प्राप्तनिवेदनकाआधारमाअनुदान दिन लागिएको बताउनुभयो । यस वर्ष अनुदानका लागि रु १० लाख विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो । जिल्ला दररेट अनुसार गोबरको मल प्रतिकिलो तीन रुपैयाँ २५ पैसा पर्दछ ।

रासायनिक मलको प्रयोग घटाउँदै प्राङ्गारिक मलको प्रयोग बढाउनका लागि पनि यो कार्यक्रम उपयोगी बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । “यो कार्यक्रमसँगै पशुपालक किसानलाई पनि आफ्नो फर्ममा खेर जाने मल बिक्री भई सहयोग पुग्ने छ भने तरकारी तथा फलफूल लगाउने किसानलाई खरिद र ढुवानीमा दिइने अनुदानले राहत मिल्नेछ”, उहाँले भन्नुभयो, “यसले किसानलाई उत्पादनको लागत घटाउन पनि सहयोग पुग्छ ।” यस कार्यक्रमले पशुपालन र तरकारी तथा फलफूल उत्पादनमा पनि एक अर्कोलाई सहयोग पुग्ने विश्वास लिइएको उहाँले बताउनुभयो ।

# बागलुङ महोत्सवमा आठ करोडको कारोबार

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ पुस

उद्योग वाणिज्य सङ्घ बागलुङको आयोजनामा भएको बागलङ महोत्सवमा रु आठ करोडको कारोबार भएको छ । सङ्घका अनुसार महोत्सवमा करिब ४ लाख दर्शकले अवलोकन गरिएका छन् ।

बागलुङ नगरपालिका-१ स्थित बाङ्गेचौर खेल मैदानमा यही पुस ११ गतेदेखि सुरु भएको महोत्सव यही पुस २२ गतेसम्म सञ्चालन गरिएको थियो । महोत्सवमा विभिन्न व्यासायिक स्टल साथै, स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेर ‘मेड इन बागलुङ’ नाम दिएर वागलुङमा उत्पादन हुने वस्तुको विक्री वितरण तथा प्रदर्शन निकै महत्वपूर्ण रहेको थियो । महोत्सवमा निसीखोलामा भेंडाको उनबाट बनेका काम्ला, अल्लोको कपडा, गुन्द्रक, भाँगो, मकैको पिठो, कोदोको पिठोलगायत वस्तु, सिस्नोको धुलो, भुटेको मकै, टिमुर, आलु, सिल्टिमुर, सुन्तला, किवीलगायतका स्थानीय उत्पादनले बजार पाएको जनाइएको छ । महोत्सवमा अटो मोबाइलदेखि होटल रेष्टुरेण्ट र विभिन्न प्रकारका व्यापारिक स्टलहरु राखिएको थियो । स्टलमा पनि उल्लेखनीय व्यापार भएको उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले जानकारी दिनुभयो । महोत्सवमा रमाईलो मेला सञ्चालन गर्नुका साथै गण्डकी प्रदेश स्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता, दोहोरीगित प्रतियोगिता, महिलाहरुका लागि लठ्ठो तान्ने प्रतियोगिता, घैटोफोर प्रतियोगिता, भाले छुनेलगायन विभिन्न प्रतियोगिता संचालन गरिएकोथियो।सङ्घलेमहोत्सवबाट सङ्कलन भएको रकमबाट सामाजिक उत्तरदायित्वअन्तर्गत मानवसेवा आश्रम बागलुङका लागि रु पाँच लाख ११ हजार १११ लाख र नेपाल पत्रकार महासङ्घ बागलुङका लागि रु एक लाख सहयोग प्रदान गरेको सङ्घका निवर्तमान अध्यक्ष नरेश कँडेलले जानकारी दिनुभयो ।

महोत्सवबाट बचेको रकम व्यावसायीहरूको कल्याणकारी कोष, बागलुङ बजारमा सिसी क्यामेरा जडान तथा मर्मत, स्वास्थ्यका लागि खेलकुद कोष, अक्षयकोष निर्माण, कोशेली घर सञ्चालन आदिमा खर्च गरिनेछ ।

# तनहुँमा च्यापिएर मजदुरको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ पुस

जिल्लाको ऋषिङ गाउँपालिका-१ ड्यामसाइडस्थित कालिका कन्ट्रक्सनमा काम गर्ने एक जना मजदुरको स्काभेटर र टिपरको बीचमा च्यापिएर मृत्यु भएको छ ।

प्रहरीका अनुसार व्यास नगरपालिका-५ का २५ वर्षीय महेन्द्र थापाको काम गरिरहेको अवस्थामा स्काभेटर र टिपरको बीचमा पर्दा च्यापिएर मृत्यु भएको हो । कालिका कन्ट्रक्सन कम्पनीको इएक्स ०६६ नम्बरको स्काभेटर र सोही कम्पनीको बा प्र ०६-००१ क ०२५१ नम्बरको टिपरले काम गरिरहेको अवस्थामा अचानक च्याप्दा गम्भीर घाइते भएका थापालाई उपचारका लागि मङ्गलबार दिउँसो दमौलीस्थित रत्नहरी अस्पताल लगिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले बताउनुभयो । उहाँका अनुसार उपचारका क्रममा उहाँको गएराति मृत्यु भएको हो । टिपर चालक चितवनको राप्ती नगरपालिका-२ का ३३ वर्षीय जीवनकुमार गोले र स्काभेटर चालक बर्दियाको बारबर्दिया नगरपालिका-८ का २२ वर्षीय विशाल थारुलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरी नायब उपरीक्षक विकले बताउनुभयो । उहाँका अनुसार मृतकको शव प्रदेश अस्पताल दमौलीमा राखिएको छ । त्यसैगरी पृथ्वीराजमार्ग सडकअन्तर्गत बन्दीपुर गाउँपालिका-४ ठूलोढुङ्गा नजिक ग १६ प १६५३ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा एक जना पैदलयात्री गम्भीर घाइते भएका छन् । भारतको रडिया थाना गोडिजग पूर्वी चाम्पा रोड घर भई हाल बन्दीपुर-४ डुम्रे बजारमा बस्दै आएका ५५ वर्षीय कुलदेव शाह घाइते भएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घाइते शाहलाई स्थानीय मोती अस्पतालमा सामान्य उपचारपछि चितवन मेडिकल कलेज पठाइएको छ । टाउँकोमा गम्भीर चोट लागेर बोल्न नसक्ने अवस्थामा रहेकाले थप उपचारका लागि चितवन पठाइएको प्रहरी नायब उपरीक्षक विकले जानकारी दिनुभयो । उहाँका अनुसार मोटरसाइकल चालक बन्दीपुर-१ किहुँ घर भएका २४ वर्षीय सोमबहादुर आलेलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## आवश्यकता

**इण्डियन चाइनिज खाना बनाउन जान्ने एक जना कुक चाहियो । साथै एक जना हेल्पर चाहियो ।**

**तलबः आपसी समझदारीमा**
**खाना र बस्नको सुविधा**

**सम्पर्कः**
**९८५७०२९९८१**
**९८०६७०६८४६**

## आवश्यकता

अन्नपूर्ण गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा कास्कीको च.नं. ७७७ मिति २०८२/०९/२३ को प्राप्त अनुमति पत्र तथा यस विद्यालयको मिति २०८२/०९/२२ को वि.व्य.सं. बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त हुन आएको विद्यालय कर्मचारी (लेखापाल) को करार कोटामा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता भएको इच्छुक नेपाली नागररिकबाट दरखास्त आव्हान गरिन्छ ।

**तपसिलः**

विज्ञापन न ०१/०८२/०८३ तहः विद्यालय कर्मचारी (लेखापाल)
उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
तलबः प्रचलित सरकारी नियमअनुसारको तलबमा विद्यालयबाट २० प्रतिशत थप गरिने ।
योग्यताः व्यवस्थापन संकाय वा समुहमा (१०+२ उत्तीर्ण वा सो भन्दा माथि ।)
दरखास्त दस्तुर : रु.७०० (सात सय रुपैया) मात्र ।
दरखास्त दिने अन्तिम मितिः २०८२/१०/०७ गते कार्यालय समयभित्र ।
परीक्षा मितिः फोनबाट जानकारी गराइन्छ ।
परीक्षाको किसिमः लिखित र अन्तरवार्ता ।
आवश्यक कागजातः क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी -२ थान
ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि-२ थान
ग) हस्तलिखित निवेदन-१ थान
सम्पर्कको लागिः मो. ९८४६४६८२१७ प्र.अ, ९८४८१३८६३८ स.प्र.अ.
जानकारीको लागिः दरखास्त दिनको लागि यस विद्यालयको NIC ASIA बैंकमा रहेको खाता नं A६४१०५२४६२२५२४०१ खातामा भएको नाम SHREE UMA SECONDARY SCHOOL मा परीक्षा दस्तुर जम्मा गरी त्यसको भौचर निवेदन अन्य आवश्यक कागजातहरु विद्यालयको Email: umasecondaryschool26@gmail.com मा पठाउन सकिने छ वा स्वयम् विद्यालयमा आएर कार्यलय समयमा बुझाउन सकिने छ ।

**श्री उमा माध्यमिक विद्यालय**
**अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, मोहोरिया, कास्की**
**सम्पर्क नं.: ९८४६४६८२१७,९८४८१३८६३८**

# सहस्राब्दी पदमार्गमा पाइने चरा एउटै पुस्तकमा

**वासुदेव पौडेल**
गण्डकी, २३ पुस/रासस

तनहुँको दुलेगौँडादेखि स्याङ्जाको रामबाछा जोडिने सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक) मा पाइने चराहरू एउटै पुस्तकमा समेटिएका छन् ।

नेपाल पर्यटन बोर्डको प्रवर्द्धन एवं मिलेनियम ट्रेक व्यवस्थापन समितिको संयोजनमा पोखरा पंक्षी समाजले उक्त पुस्तक प्रकाशन गरेको हो । चराको पहिचान तथा तथ्याङ्क सङ्कलनका लागि उक्त क्षेत्रमा स्थलगत रुपमा दुई वर्षको अन्तरालमा विभिन्न चार चरणमा पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरे र सचिव हेमन्त ढकालले गर्नुभएको स्थलगत रुपमा अध्ययन अनुसन्धानपछि पुस्तक प्रकाशन गरिएको हो ।

पुस्तकमा यहाँ पाइने चराहरूलाई सचित्र प्रस्तुत गरिएको पोखरा पंक्षी समाजका अध्यक्ष मनशान्त घिमिरेले जानकारी दिनुभयो । नेपालमा मात्रै पाइने चरा 'काँडे भ्याकुर' ठूलो सङ्ख्यामा पाइने यस पदमार्ग क्षेत्रमा तीन सय प्रजातिका चरा अभिलेख गरिएको उहाँले बताउनुभयो ।

तनहुँको दुलेगौँडाबाट स्याङ्जाको रामबाछा जोडिने ७२ किलोमिटर दूरीसहितको क्षेत्रफलमा समेटिएको यस पदमार्गको ५२ किलोमिटर क्षेत्र वनजङ्गलले ढाकिएको छ । जुनसुकै मौसममा जुनसुकै उमेर समूहका व्यक्तिले पदयात्रा गर्न सक्ने यो पदमार्गका अधिकांश स्थानबाट धवलागिरि, अन्नपूर्णलगायतका हिमशृङ्खला एकसाथ अवलोकन गर्न सकिन्छ । वनजङ्गल, चराचुरुङ्गी आदिको अवलोकनले यहाँ आउने जो-कोहीलाई लोभ्याउने गरेको छ ।

पदयात्रासँगै यस क्षेत्रमा चरा पर्यटनलाई सँगसँगै अघि बढाउने लक्ष्यका साथ पुस्तक प्रकाशन गरिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले जानकारी दिनुभयो । यो पदमार्ग चरा पर्यटनको आकर्षक गन्तव्य बन्ने विश्वास लिइएको बताउँदै उहाँले पुस्तकले यहाँका चराहरूका बारेमा पर्यटकलाई धेरै कुरा जानकारी मिल्ने बताउनुभयो । नेपालमा मात्रै पाइने चरा काँडेभ्याकुर पदमार्ग क्षेत्रका अधिकांश स्थानमा पाइनु यहाँको अर्को विशिष्टता हो ।

स्थलगत अध्ययनअनुसार पदमार्ग क्षेत्रको तनहुँको प्रसिद्ध ढोरबाराही मन्दिरबाट रजस्थलसम्म ठूलो सङ्ख्यामा काँडेभ्याकुर भेटिएका छन् । पदमार्ग क्षेत्रकै कोल्माबाट भैसेगौँडा, बुढाकोट तलतिरको भागलगायतका विभिन्न स्थानमा ठूलो सङ्ख्यामा काँडे भ्याकुर पाइएका छन् । यस क्षेत्रमा काँडेभ्याकुरसँगै अन्य अति सङ्कटमा परेका केही चरा पाइएको उनले बताए । संरक्षणको सूचीमा रहेको लुईँचे, मांसाहारी प्रजातिका विभिन्न चरा यस पदमार्ग क्षेत्रमा भेटिएका छन् । सुन गिद्ध, डङ्गर गिद्ध, सेतो गिद्धलगायत गिद्धका साथै कोला चित्रा, आसकोटे बकुल्ला, वस्तु बकुल्ला पाइएको छ । त्यस्तै पौरी बाज, बौडाइ, कालो चिल, काकाकूल, शिक्रा, वनबाज, सिम कुखुरा, मलेवा, तामे ढुकुर, कुर्ले ढुकुर, पहाडी हलसो, चित्रकुट, कन्चे सुगा, मधुवा आदि चरा पर्यटकले देख्न सक्दछन् । त्यस्तै ढोडे गोकुल, हरित मालकौवा, बीउकुहियो, लेकाली उलुक, कटुसटाउके मुरलीचरा, कुथुर्के, काष्ठकुट, सुनजुरे काठफोर, लटुशक विरहीचरी, सानो तामे लाहाँचे, आली चुइँया, कोटेरो मुनियाँ, पिराजा बुङ्गेलगायत प्रजातिका चराले यस पदमार्गको गरिमा अझै बढाएको छ ।

स्थलगत अनुसन्धानसँगै यस पदमार्ग क्षेत्रलाई चरा अध्ययन केन्द्रका रुपमा विकास गर्न सकिने देखिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य एवं मिलेनियम भैसेगौँडा सामुदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङले बताउनुभयो । उहाँका अनुसार संरक्षणका क्षेत्रमा क्रियाशील प्रकृतिका साथीहरूको आयोजनामा सहस्राब्दी पदमार्गको राइभाङ भैसेगौँडामा केही वर्ष अघि लाटोकोसेरो तथा हुचिल उत्सव सम्पन्न गरिएको थियो ।

आफूहरू यस पदमार्गलाई केवल पदयात्राका लागि मात्रै नभएर चरा पर्यटनको पनि गन्तव्य बनाउन चाहेको बताउँदै उहाँले पदयात्रासँगै चराको अवलोकन गर्न आउने पर्यटकलाई लक्षित गरी पदयात्रा मार्गका विभिन्न स्थानमा घरबास सञ्चालनमा आइसकेको जानकारी दिनुभयो ।

पछिल्ला वर्षमा प्रकृतिका साथीहरू संस्थाकै आयोजनामा उक्त क्षेत्रमा वार्षिकरूपमा विद्यार्थीलाई वन्यजन्तु अनुसन्धान विधि विषयक तालिमसमेत प्रदान गरिदै आइएको छ । शान्तस्थल, पर्याप्त वनजङ्गल आदिका कारण यस क्षेत्रमा धेरै प्रजातिका चरा पाइने स्थानीयवासी बताउँछन् । पछिल्ला समयमा पोखरा र आसपासका क्षेत्र चराको अध्ययन अवलोकनका लागि स्वदेशी एवं विदेशी पर्यटक आउने थालेका कारण मिलेनियम ट्रेकमा चरा पर्यटनको विकास गर्ने पर्याप्त सम्भावना रहेको उहाँको भनाइ छ ।

मिलेनियम ट्रेकमा चरा पर्यटनको सम्भाव्यतालाई दृष्टिगत गरेर नै यहाँका चराहरूबारे खोज तथा अनुसन्धान गरी पुस्तक प्रकाशनका लागि पर्यटन बोर्डका तर्फबाट सहयोग गरिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो । "चरा हेर्न आउने पर्यटकहरू खर्चालुसमेत हुने र उनीहरूले चरा हेर्नकै लागि लामो समय समेत बिताउने गर्दछन्", उहाँले भन्नुभयो, "यस किसिमका पर्यटक भित्राउनका लागि चरा पर्यटनको विकास जरुरी छ ।" नेपालमा भित्रिने विदेशी पर्यटकमध्ये आठ प्रतिशत पर्यटक चरा हेर्नकै लागि आउने गरेको अध्ययनले देखाएको छ । पर्यटनका विभिन्न विधामध्ये चरा पर्यटन महत्वपूर्ण विधा भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहुन्छ । चरा पर्यटनका माध्यमबाट पर्यटकको आगमन र बसाइ अवधि लम्ब्याउन सकिने उहाँको भनाइ छ ।

# चन्दा संकलन गरेर खेलमैदान निर्माण गर्न जमिन खरिद

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ पुस

अन्नपूर्ण गाउँपालिका-६ घारमा व्यवस्थित र सुविधायुक्त खेलमैदान निर्माण थालिएको छ । समुदायस्तरबाट सहयोग जुटाएर खरिद गरिएको तीन रोपनी छ आना जग्गामा खेलमैदानको पूर्वाधार निर्माण थालिएको हो ।

अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु २० लाख बजेटबाट खेलमैदानको डिलतर्फ पर्खाल निर्माण र जग्गा सम्याउने काम गरिएको वडाध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो ।

"खेलमैदान अभावमा युवायुवतीलाई खेलअभ्यास गर्न समस्या भएपछि घार युवा क्लबले गत वर्ष रु २८ लाखमा जग्गा खरिद गरेको थियो", उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षमा गाउँपालिकाले विनियोजन गरेको बजेटको काम सकिएको छ । प्रदेश सरकारले विनियोजन गरेको रु पाँच लाख बजेटबाट थप संरचना निर्माण गर्न बाँकी छ ।"

क्लबले खरिद गरेको जग्गाको नजिकै रहेको थप दुई रोपनी सार्वजनिक जमिनमा रहेको ढुङ्गालाई पनि पन्छाएर खेलमैदान बनाउने योजना छ । ठूला ढुङ्गा फुटाउनका लागि मध्य कालीगण्डकी जलविद्युत् आयोजनासँग सहयोग मागिएको वडाध्यक्ष खड्काले बताउनुभयो ।

पैतालीस मिटर चौडाइ र ७० मिटर लम्बाइमा फुटबल, भलिबल, बास्केटबल खेल सञ्चालन गर्न सकिने प्यारापिट र स्टेजको संरचनासहितको खेलमैदान निर्माण गर्न रु एक करोड १९ लाख लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिएको छ ।

आगामी वर्षमा पनि गाउँपालिका, प्रदेश र सङ्घीय सरकारमा पहल गरेर थप बजेट व्यवस्थापन गरी खेलमैदान निर्माणलाई पूर्णता दिने वडाध्यक्ष खड्काले बताउनुभयो । खेलमैदान निर्माण गर्न विभिन्न सङ्घसंस्था र चन्दा सङ्कलन गरेर रु २८ लाख ४२ हजारमा गत वर्ष घार युवा क्लबले जग्गा खरिद गरेको थियो । घारखोला जलविद्युत् आयोजनाले सामाजिक उत्तरदायित्व कार्यक्रममार्फत उपलब्ध गराएको रु १३ लाख ५० हजार, चन्दामार्फत रु पाँच लाख ५५ हजार परिचालन गरिएको खेलमैदान खरिदका लागि हाल जापानमा रहनुभएका घारका ददीवल खड्काले व्यक्तिगत रूपमा रु पाँच लाख सहयोग गर्नुभएको छ ।

घार कोटमन्दिरबाट रु एक लाख ६५ हजार, शिवकुमार बरुवालले रु ५० हजार, कमल बरुवालले रु ५५ हजार, अन्नपूर्ण वन संरक्षण उपसमितिले रु एक लाख १० हजार सहयोग गरेका र रु ७० हजार ऋण रहेको घार युवा क्लबका अध्यक्ष सागर खड्काले बताउनुभयो । घारका बल्लिका बरुवालबाट रु २१ लाखमा दुई रोपनी १३ आना तीन दाम र भुपाल कार्कीबाट १० आना तीन पैसा क्षेत्रफलको जग्गा रु सात लाखमा खरिद गरिएको खड्काले बताउनुभयो ।

# संस्कृति संरक्षण र प्रवर्द्धनमा गुरुङ समुदायको पहल

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ पुस

जिल्लाका गुरुङ समुदाय आफ्ना मौलिक संस्कार, संस्कृति र पहिचान संरक्षण तथा प्रवर्द्धनमा सक्रिय भएर जुटेका छन् ।

समयक्रमसँगै आधुनिक जीवनशैली र प्रविधिको प्रभाव बढ्दै जाँदा नयाँ पुस्तामा परम्परागत संस्कृतिप्रति चासो घट्दै गएको अवस्थालाई मध्यनजर गर्दै गुरुङ समुदायले संस्कृति संरक्षण र प्रवर्द्धनका लागि सङ्गठित भई अभियान सञ्चालन गरेका हुन् ।

जिल्लास्थित तमु ह्युल छोंज धिं गुरुङ राष्ट्रिय परिषद्का अध्यक्ष देवबहादुर गुरुङले आधुनिकतासँगै प्रविधिको प्रयोग बढ्दै जाँदा गुरुङ समुदायका मौलिक संस्कार र संस्कृतिहरू लोप हुने अवस्थामा पुग्ने जोखिम रहेकाले परिषद्ले संरक्षण र प्रवर्द्धनका लागि पहल थालेको बताउनुभयो । परिषद्ले निरन्तर रूपमा तालिम, प्रशिक्षण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो ।

परिषद्का अध्यक्ष गुरुङले पुराना पुस्ताले संस्कृति जगेर्ना गर्ने मात्र नभई नयाँ पुस्तालाई सिकाउनु, हस्तान्तरण गर्नु पनि आजको आवश्यकता बनेको बताउनुभयो । गुरुङ समुदायका मौलिक र पहिचान बोकेका मारुनी नाच, पाउदुरे नाच र घाँटु नाच पछिल्लो समय संरक्षणको अभावमा सङ्कटमा पर्दै गएकाले पुस्तान्तरणसहित संरक्षणमा जोड दिइएको उहाँको भनाइ छ । यी नाचहरूलाई लोप हुन नदिन परिषद्ले अहिलेका पुस्तालाई लक्षित गरी नाच प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेको अध्यक्ष गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "यी नाच गुरुङ समुदायको इतिहास र पहिचानसँग जोडिएका छन् । पुरानो पुस्ताले नयाँ पुस्तालाई सिकाउन र पुस्तान्तरण गर्न सकेन भने केही वर्षमा हाम्रा कला, परम्परा र संस्कार केवल स्मृतिमा सीमित हुने जोखिम छ ।"पाउदुरे नाचमा केटालाई केटीको भूमिकामा प्रस्तुत गरिने परम्परा रहेको उल्लेख गर्दै परिषद्का अध्यक्ष गुरुङले यस किसिमका सांस्कृतिक विशेषता गुरुङ समुदायको मौलिकता भएको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "हामी अहिले पुस्ता हस्तान्तरणको अभियानमा छौँ । नयाँ पुस्तालाई संस्कृतिप्रति जिम्मेवार बनाउनु नै हाम्रो मुख्य उद्देश्य हो ।" संस्कृतिसँगै भाषाको संरक्षण पनि उत्तिकै महत्वपूर्ण रहेको बताउँदै अध्यक्ष गुरुङले गुरुङ भाषालाई गण्डकी प्रदेश सरकारले सरकारी कामकाजका रूपमा मान्यता दिएकामा धन्यवाद व्यक्त गर्नुभयो । उहाँका अनुसार यसअघि गुरुङ भाषा लिपिबद्ध नभएको अवस्थामा गण्डकी प्रदेश सरकारले खेमा लिपिलाई राजपत्रमा प्रकाशित गरी आधिकारिकता प्रदान गरेको हो । यसले गुरुङ भाषा संरक्षण र प्रवर्द्धनमा नयाँ आयाम थपेको उहाँले विश्वास व्यक्त गर्नुभयो ।

खेमा लिपिलाई व्यवहारमा उतार्ने उद्देश्यले प्रत्येक जिल्लामा भाषा तालिम सञ्चालन गर्ने तयारी भइरहेको परिषद्ले जनाएको छ । यसबाट गुरुङ भाषा सिक्ने वातावरण सिर्जना हुनुका साथै भावी पुस्ताले आफ्नै मातृभाषामा लेख्न, पढ्न र प्रयोग गर्न सक्ने अवस्था निर्माण हुने अपेक्षा गरिएको गुरुङ समुदायका अगुवा गलबहादुर गुरुङले बताउनुभयो । गुरुङ समुदायको यो अभियान केवल सांस्कृतिक कार्यक्रमसम्म सीमित नभई समुदायको पहिचान, इतिहास र अस्तित्व संरक्षणसँग जोडिएको दीर्घकालीन प्रयासका रूपमा हेरिएको उहाँले बताउनुभयो ।

# 'मुस्ताङका प्रहरीलाई स्थानीय भाषाको ज्ञान नहुँदा समस्या भयो'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ पुस

यहाँस्थित जिल्ला प्रहरी कार्यालय मुस्ताङ मातहत १९ प्रहरी इकाई कार्यालय छन् । यसमध्ये दश प्रहरी इकाई कार्यालयको आफ्नै भवन छैन । कार्यालय भवन नभएका यहाँस्थित प्रहरी इकाई हालसम्म पनि विभिन्न व्यक्ति तथा सङ्घ संस्थाको भवनमा आश्रय लिइरहेका छन् । यहाँ जिल्ला मुस्ताङ प्रहरी कार्यालय मातहतको प्रहरी इकाईहरुको आफ्नै भवन संरचना नहुँदा यहाँ कार्यरत प्रहरी सुरक्षाकर्मीलाई विभिन्न प्रकारका समस्या र चुनौती भोग्नुपर्ने बाध्यता रही आएको छ । भौगोलिक विकटता कठिन भूगोल र प्रतिकूल मौसमका बाबजुद मुस्ताङका प्रहरी इकाईहरुले वर्षौँवर्ष पुरानो परम्परागत ढुङ्गा र माटोले बनेको कच्ची भवनमा कार्यसम्पादन गर्नुपर्ने अवस्था छ ।

जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क अनुसार यहाँका १९ प्रहरी इकाईमध्ये चार इकाई कार्यालय विभिन्न व्यक्तिको घरमा भाडामा बस्दैआइरहेका छन् । प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाका अनुसार यहाँको वारागुङ मुक्तिक्षेत्र–४ कागबेनीस्थित प्रहरी चौकी कागबेनी, थासाङ–२ कोवाङस्थित प्रहरी चौकी कोवाङ, घरपभोङ–४ जोमसोम पर्यटक प्रहरी (जोमसोम) र घरपभोङ–३ एक्लेभट्टी जिल्ला ट्राफिक कार्यालय विभिन्न व्यक्तिको घर भाडामा लिएर बसेका छन् । यहाँका भाडाका भवनमा बसेका यी प्रहरी इकाईको कार्यालयको खर्चको लागि जिल्ला प्रहरी कार्यालयमार्फत भुक्तानी गर्ने गरिएको छ । यसैगरी मुस्ताङ प्रहरीका १९ प्रहरी इकाईमध्ये ६ प्रहरी इकाई विभिन्न सङ्घ संस्थाको स्वामित्वमा रहेको भवनमा बस्दैआइरहेका छन् । यहाँ माथिल्लो मुस्ताङको नेपाल–चीन सिमाना नजिकै रहेको प्रहरी चौकी छोसेर लोमान्थाङ–२ छोसेर न्हेचुङस्थित भन्सार कार्यालयको भवनमा बस्दैआएको छ । सीमा नाका र भन्सार कार्यालयको सुरक्षाका लागि खटिएको प्रहरी चौकी छोसेर वर्षौंवर्षदेखि भन्सारको भवनमा आश्रय लिएर बसेको हो । यद्यपि त्यहाँ प्रहरी इकाईका लागि नेपाल सरकारबाट १३ रोपनी जग्गा प्राप्ति भइसकेको लामो समय वितिसक्दा पनि प्रहरी इकाईको आफ्नै भवन संरचना बन्न सकेको छैन । माथिल्लो मुस्ताङको लोमान्थाङ–२ स्थित छोन्हुप प्रहरी चौकी पनि सङ्घीयता अघिको पुरानो गाविस भवनमा ओत लाग्न बाध्य छ । स्थानीयको शान्ति सुरक्षाका लागि खटिएका त्यहाँ कार्यरत प्रहरी इकाईका सुरक्षाकर्मीलाई जीर्ण भवनमा बसेर काम गर्नुपर्दाको समस्या र चुनौती बेग्लै छ । माथिल्लो मुस्ताङकै लोघेकर दामोदरकुण्ड गाउँपालिका–५ स्थित सुर्खाङ प्रहरीचौकी त्यहाँको ढी प्रथमिक विद्यालयको भवनमा बस्दै आएको छ । सोही पालिकाको लोघेकर–२ स्थित घमी प्रहरी चौकी एक्यापको भवनमा बस्दै आएको छ, भने लोघेकर दामोदरकुण्ड–१ स्थित चराङ प्रहरीचौकी सकारी विद्यालयको भवनमा बस्दैआएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । यसैगरी यहाँको वारागुङ मुक्तिक्षेत्र–३ छुसाङस्थित इलाका प्रहरी कार्यालय छुसाङ आमा समूहको भवनमा बस्दैआएको प्रहरी नायब उपरीक्षक लामाले जानकारी दिनुभयो । मुस्ताङ प्रहरी मातहतका १९ वटा प्रहरी इकाईमध्ये चार वटा प्रहरी इकाईमध्ये इलाका प्रहरी कार्यालय छुसाङ मात्रै संस्थाको भवनमा बसेको हो । अन्य तीन इलाका प्रहरी कार्यालयको आफ्नै भवनबाट सेवा प्रवाह भइरहेको प्रहरी नायब उपरीक्षक लामाको भनाइ छ ।

यहाँस्थित मुस्ताङ प्रहरीका १९ वटा इकाईमध्ये जिल्ला प्रहरी कार्यालय मुस्ताङ, इलाका प्रहरी कार्यालय लोमान्थाङ, इलाका प्रहरी कार्यालय मुक्तिनाथ र इलाका प्रहरी कार्यालय लेतेको आफ्नै भवनबाट प्रहरी कार्यसम्पादन भइरहेको छ । प्रहरी इकाईमध्ये प्रहरी चौकी अन्तर्गत म्याग्दी र मुस्ताङको सिमाना घाँसामा प्रहरी चौकीको पनि आफ्नै भवन बनेर प्रहरी कार्यसम्पादन भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । सङ्घीयता अघि मुस्ताङका अधिकांश प्रहरी इकाईहरु सङ्घ संस्थाको भवन र भाडाको घरमा बस्दैआइरहेका थिए । सङ्घीयतापछि पछिल्लो पाँच वर्षको अवधिमा इलाका प्रहरी कार्यालय लोमान्थाङ, इलाका प्रहरी कार्यालय मुक्तिनाथ, प्रहरीचौकी घाँसाको जग्गा प्राप्त गरी आफ्नै भवन संरचना बनेको हो ।

सङ्घीयता अघि जिल्ला प्रहरी कार्यालय मुस्ताङको भवन पनि परम्परागत शैलीमा बनेको पुरानो भवनबाट कार्यसम्पादन हुने गरेको थियो । यहाँ जिल्ला प्रहरी कार्यालयको भवन २०७४ पछि सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा पक्की भवन बनेको हो ।

मुस्ताङ प्रहरी अन्तर्गत चार वटा प्रहरी इकाई पनि सम्बन्धित कार्यालयको भवनमा बस्ने गरेका छन् । जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार यहाँ जिल्ला अदालत, जोमसोम विमानस्थल, कारागार शाखा र प्रमुख जिल्ला अधिकारीको सुरक्षार्थ खटिएका प्रहरी इकाई सोही स्थानमा बस्ने गरेका छन् । जिल्लामा प्रहरीको ३१३ जनाको दरबन्दी रहेको छ । हाल जिल्ला प्रहरी कार्यालय मातहत २१४ जना प्रहरी सुरक्षाकर्मी कार्यरत रहेको प्रनाउ लामाले जानकारी दिनुभयो ।

भौगोलिक रुपले विकट मुस्ताङका दुरदराजका प्रहरी इकाईका सुरक्षाकर्मीलाई स्थानीय भाषाको ज्ञान नहुँदा समुदायमा रहेर काम गर्न अप्ठेरो पर्ने गरेको छ । हिउँदयाममा यहाँका अधिकांश स्थानीयवासी जाडो छल्न बेँसी झर्ने प्रचलनले गर्दा त्यहाँ कार्यरत प्रहरी सुरक्षाकर्मीले मानवविहीन रित्ता घरको सुरक्षा गरी बस्नुपर्ने बाध्यता छ । प्रतिकूल मौसम र हिमपातको जोखिम हुने भए पनि विषम अवस्थामासमेत त्यहाँका प्रहरी सुरक्षाकर्मीले कष्टकर रुपमा गाउँको सुरक्षामा खटिनुपर्ने अवस्था छ । मुस्ताङमा जिल्ला प्रहरी कार्यालयलाई चारपाङ्ग्रे सवार साधन उपलब्ध भए पनि यहाँका अधिकांश प्रहरी इकाई कार्यालयलाई दुई पाङ्ग्रे सवारी साधनमा सीमित रहँदा एक ठाउँबाट अर्को ठाउँमा आउँजाउँ गर्दा हावाहुरी,धुलो र चिसोले स्वास्थ्य समस्या निम्त्याउने गरेको पाइएको छ । यहाँको अतिनै विकट लोघेकर–५ स्थित सुर्खा प्रहरी चौकीमा एक थान मोटरसाइकल पनि नहुँदा त्यहाँका सुरक्षाकर्मी घण्टौं पैदल हिँडेर नागरिकको सेवामा खटिनुपर्ने बाध्यता रहेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । यहाँ दुर्गम स्थानमा कार्यरत प्रहरी सुरक्षाकर्मीलाई उपलब्ध सीमित राशनबाट जीवन चलाउनसमेत मुस्किल पर्ने गरेको बताइएको छ ।

जाडोयाममा प्रहरीलाई जाडो थेग्ने पर्याप्त उपकरणको व्यवस्था नहुँदा कठ्याङ्ग्रिएर सेवा गर्नुपर्ने हुन्छ । मुखियाप्रथा लगायतका कारण प्रहरीलाई कानुन कार्यान्वयन गर्नमा चुनौती हुने गरेको बताइएको छ ।


गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**मातृशिशु मितेरी प्रादेशिक अस्पताल**
**पोखरा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

आ.व. ०८२/८३ को लागि यस अस्पतालको प्रयोगशालामा आवश्यक पर्ने रसायन तथा रियजेन्ट विद्युतीय माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य फर्म/संस्थाबाट बोलपत्र पेश गर्न सबैको जानकारीका लागि मिति २०८२/०९/२४ गते प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र आव्हान सम्बन्धी बिस्तृत जानकारी अस्पतालको वेभसाईट https://msmhospital.gov.np तथा e-GP पोर्टलबाट प्राप्त गर्न सकिने छ ।

कार्यालय प्रमुख